# राष्ट्रिय मानव अधिकार आयोग
## National Human Rights Commission
### कोशी प्रदेश कार्यालय, विराटनगर

## प्रेस-नोट

१५ साउन, २०८३

### आयोगको उच्चस्तरीय टोलीद्वारा कप्तानगञ्ज घटनाको स्थलगत अनुगमन

राष्ट्रिय मानव अधिकार आयोगका माननीय सदस्य मनोज दुवाडी, राष्ट्रिय मानव अधिकार आयोग कोशी प्रदेश कार्यालयका कार्यालय प्रमुख वीर बहादुर बुढा मगरसहितको आयोगको उच्चस्तरीय टोलीले देवानगञ्ज गाउँपालिका वडा नं. ३, कप्तानगञ्ज घटनाको स्थलगत अनुगमन गरेको छ। दुई समुदायबिचको विवादका कारण सुरु भएको यस घटनाको आयोगको कोशी प्रदेश कार्यालयले साउन ११ गतेदेखि नै अनुगमन गरिरहेको तथा हाल आयोगले स्वयं जानकारीमा लिइ उजूरी दर्ता गरी अनुसन्धान गरिरहेको छ।

अनुगमनका क्रममा आयोगका माननीय सदस्य मनोज दवाडीले सरकारले छानबिन समिति गठन गरी छानबिन गरिरहेको अवस्थामा आयोगले समेत मानव अधिकारको दृष्टिले यस घटनाको सुक्ष्म अनुसन्धान गरी दोषीलाई कारबाहीका लागि नेपाल सरकारलाई सिफारिस गर्ने बताउनुभएको छ। स्थलगत अनुगमनमा रहेको टोलीमार्फत माननीय सदस्य मनोज दुवाडीले मृतक परिवार, स्थानीय बासिन्दासँग छलफल गरी निष्पक्ष अनुसन्धान गर्ने प्रतिबद्धता जनाउँदै स्थितिलाई थप बिग्रन नदिन सबै पक्षलाई सामाजिक सद्भाव कायम राख्न अनुरोध गर्नुभएको छ।

डिल्लीराम लम्साल<br>
सूचना अधिकारी

☎ फोन नं. : ०२१-५९०९९३, ५१२९३१, ५११९०० चाँदनी चोक विराटनगर
☎ Phone: 021-590993, 512931, 511100 Chandani Chowk, Biratnagar
:nhrcbrt@nhrcnepal.org :www.koshi.nhrcnepal.org : http://www.facebook.com/nhrckoshi